# दिगो कृषि सहकारी संस्था लिमिटेड

भरतपुर-३, प्रेस मार्ग

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०१/२७)

कृषि विकास विकास निर्देशनालय, हेटौडाको ५० प्रतिशत अनुदान सहयोगमा यस संस्थाद्वारा चालु आ.व २०८०/०८१ मा तपसील बमोजिमका कार्यहरु ठेक्कावाट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित मितिले निर्धारित समयभित्र तपसीलमा उल्लेखित शर्तहरुको अधिनमा रही इच्छुक इजाजत प्राप्त कम्पनी/व्यवसायीवाट शिलवन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ।

शर्तहरु :

१. दरभाउपत्र फारम निर्धारित समयभित्र कार्यालय समयभित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रु. १०।- को टिकट टाँस गरिएको निवेदन तथा तल उल्लेख भए बमोजिमको रकम (पछि फिर्ता नहुने) बुझाई यस संस्थावाट वा कृषि विकास निर्देशनालय, हेटौंडावाट खरीद गर्न सक्नेछ। निवेदनको साथमा चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ।

२ सिलवन्दी दरभाउपत्र रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) नगदै (फिर्ता नहुने गरी) यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र बुझाई प्राप्त गर्न सकिने छ।

३. दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र कृषि विकास निर्देशनालय, हेटौंडामा दाखिला गरिसक्नु पर्नेछ। प्राप्त शिलवन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने छ। तोकिएको समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा दरभाउपत्रहरु खोलिने छ। प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा परेमा विदापछि कार्यालय खुलेको पहिलो दिन माथि उल्लेखित समयमा फारमहरु बुझाउने र खोल्ने कार्य हुनेछ।

४. दरभाउपत्र फारमसाथ तल उल्लेख भए बमोजिमको धरौटी रकम श्री दिगो कृषि विकास सहकारी सस्था लि. को , लक्ष्मी सनराईज बैक लि मा रहेको खाता न. ०५७१०८८८०१७०१००१ मा नगद जम्मा गरिएको सक्कल भौचर वा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त वाणिज्य बैंकवाट यस संस्थाको नाममा जारी गरिएको दरभाउपत्र बुझाउने अन्तिम दिनवाट ९० दिन भएको बैक ग्यारेन्टी (विड बण्ड) को सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. दरभाउपत्र फारममा आइटमवाइज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ। अक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. दरभाउपत्रले दरभाउपत्र साथ दरभाउपत्र खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयं घोषणाको सक्कल प्रति समेत पेश गर्नु पर्नेछ।

७ यस सूचनाको सि.न १, ४ र ६ उल्लेख भए बमोजिमको कागजातहरु संलग्न नभएको, रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।



CS Scanned with CamScanner

८ दरभाउपत्र र अन्य कागजातहरुलाई शिलबन्दी खामभित्र राखी खाम बाहिर दरभाउपत्र दाताको नाम र ठेगानाका साथै ठेक्का नम्बर स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

९ दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहने छ ।

१० यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/व्यहोराहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

तपसील :

| सि न | ठेक्का न | ठेक्काको किसिम | कामको विवरण | फारम दस्तुर रु. | बोलपत्र दस्तुर जम्मा गर्ने बैंक, खाता न | धरौटी रकम | लागत इस्टिमेट अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|---|---|
| १ | DIGO/GOODS/001/080-81 | दरभाउपत्र | Supply of Machineries<br>1.Power tiller MD-13 E -1 pic<br>2.Knap Sack sprayer, battery type-2 pic<br>3.Power sprayer 6.5 hp<br>4.Brush cuter petrol, 4 stroke, 1.2 hp- 1 pic<br>5.Wheel barrow (heavy) agular -1 pic<br>6.Power tiller,Ttrolley 4 wheel-1 pic<br>7.Tunnel fan-12 pic<br>8.Submersible dewatering pumpset, 3hp-1 pic<br>9.Soil Testing mini kit harvestro -1 pic<br>10.Earth Agar -1 pic<br>11.Secature -5 pic<br>12.Mulching Plastic – 12 roll<br>13. Drip Pipe 16mm - 2000 m<br>14.Water tank 5000 ltr - 1 pic<br>15. Water pump, 1hp, 1 inch -1 pic | १०००।०० | दिगो कृषि विकास सहकारी संस्था लि.<br>०५७१०८ ८८०१७ ०१००१<br>लक्ष्मी सनराईज बैंक लि | ३३०००।०० | १३,०८,९००।०० |